# ६ प्रायश्चितको दिन

*यस अध्यायका प्रमूख पदहरू:* लेवी १६, व्यवस्था १९:१६-२१, लेवी २३:२७-३२, मत्ती १८:२३-३५, यशैया ६:१-६।

*स्मरण गर्नुपर्ने मूल पद:* "हे प्रभु, तपाईं जस्तो परमेश्वर अरू को छ र? तपाईंले पापलाई क्षमा गर्नुहुन्छ। तपाईंका जनहरू जब गलत काम गर्दछन् तपाईंले तिनीहरूलाई माफी दिनुहुन्छ। तपाईं सधैं रिसाएर बस्नुहुन्न। बरू तपाईंका भक्तहरूलाई तपाईंको सच्चा प्रेम देखाउन तपाईं अति रमाइलो मान्नु हुन्छ। एक फेरा फेरि तपाईंले हामीप्रति तपाईंको प्रेमिलो चासो देखाउनुहुनेछ। हामीले गरेका सबै दुष्कर्महरूलाई तपाईंले पूरै मेटी दिनुहुनेछ। समुद्रको पिंडीमा हाम्रा सबै पापहरू तपाईंले फैंकि दिनुहुनेछ। (मीका ७:१८,१९ रूपान्तरित)।

यहूदी धर्मालम्वीहरूमा अहिले पनि चलिरहेको अत्यन्त पवित्र चाड यम किपुर हो। त्यस चाडलाई पुरानो करारमा पवित्र मन्दिरमा गरिने अत्यन्त पवित्र पर्वको रूपमा मनाइन्छ। त्यसलाई शुद्धिकरणको दिन वा सम्पूर्ण इस्राएली समाजको निम्ति गरिने क्षमापूजा गरिने पर्व भनिन्छ। त्यसलाई अङ्ग्रेजीमा "द डे अभ आटोनमेन्ट" भनेर कहालाइन्छ। लेवी १६ अध्यायमा त्यसको बारेमा उल्लेखनीय रूपमा वर्णन गरेको छ। लेवी १६ अध्यायलाई लेवीको पुस्तकको मुटु पनि भनिन्छ किनभने त्यसमा त्यस शुद्धिकरणको विधिको बारेमा वढो जतनसाथ वयान गरिएको छ। लेवीहरूको पुस्तक आफै मोशाले लेखेका पाँच पुस्तकहरूको बीचमा छ। शुद्धिकरणको पर्व कत्तिको पवित्र रहेछ भनेर त्यसले देखाउँछ। त्यस दिनलाई शाबथहरूको शाबथ भनेर पनि सम्बोधन गरिएको छ (लेवी १६:३१)। त्यस दिनमा सबै कामहरू ठप्प गर्न आदेश दिइएको हुन्छ। त्यसले गर्दा वर्षभरि गरिने इस्राएलीहरूको विभिन्न चाडपर्वहरूमा त्यो चाड अत्यन्त विशेष चाडको रूपमा लिइन्छ। त्यो दिन विश्राम लिने र परमेश्वरको बारेमा सोच्ने दिन थियो। सृष्टिकर्ता र मुक्तिदाता परमेश्वरले मानिसहरूलाई के गर्नु भयो र के गर्नुहुनेछ भनेर त्यस पर्वले देखाएको थियो।

यस पृथ्वीमा भएको परमेश्वरको पवित्र मन्दिर र त्यसको परिसरमा डे अभ आटोनमेन्ट अर्थात् शुद्धिकरणको दिनमा के के हुन्छ भनेर यस अध्यायमा हामी अध्ययन गर्नेछौं। त्यस पर्वको विधिमा उपयोग गरिने विशेष दुई वाखाहरूको बारेमा हामी अध्ययन गर्नेछौं। मुक्तिको बारेमा गहिरो सत्य र अन्तमा पाप कसरी सखाप पारिनेछ भन्ने आत्मज्ञान हामीलाई ती बाखाहरूलाई लिएर गरिने विधिले सिकाउने छ।

## १. वार्षिक शुद्धिकरण (लेवी १६:१६,३०)

**शुद्धिकरण वा प्रायश्चित दिनको विधिमा के चोखो वा सफा गरिन्छ? लेवी १६:१६,३० पढ्नुहोस्: " १६ यसरी इस्राएलीहरूका अशुद्धि, अपराध र तिनीहरूका जम्मै पापको कारणले महा-पवित्रस्थानका निम्ति त्यसले प्रायश्चित गरोस्। तिनीहरूका अशुद्धिको बीचमा भएको भेट हुने पालको निम्ति पनि त्यसले त्यसै गरोस्।....३० किनभने त्यसै दिन तिमीहरूलाई शुद्ध पार्नलाई तिमीहरूका निम्ति प्रायश्चित गरिन्छ। तब परमप्रभुको सामुन्ने सबै पापबाट तिमीहरू शुद्ध हुनेछौ।"**

वर्षभरी गरिने विभिन्न विधिमा मानिसहरूका सबै खालका पापहरू पवित्र मन्दिरमा सरुवा गरेको हुन्थ्यो। शुद्धिकरण वा प्रायश्चितको दिनमा ती सबै पापहरू हटाउने प्रक्रिया हुन्थ्यो। त्यस दिनमा हुने तिन किसिमका विधिहरू उल्लेखनीय छन्।

१. *पुजारीको निम्ति गरिने चोख्याउने विधि।* मूल पुजारीले आफ्नै पापको निम्ति बाच्छो मारिन्थ्यो। पुजारी आफै चोखो वा शुद्ध भएको निश्चित छ भनेर त्यस बलिप्रथाले देखाउँथ्यो। आफू चोखो भएपछि अरूका पापहरू चोख्याउन आफू सक्षम् भएको छ भनेर पनि त्यस प्रथाले जनाउ दिन्थ्यो।

२. *परमेश्वरको निम्ति शुद्धिकरणको निम्ति चढाइने बोका (लेवी १६:८)।* वर्षभरी सारा इस्राएलीहरूको निम्ति पवित्र मन्दिरमा पाप भित्राइन्थ्यो। शुद्धिकरण वा प्रायश्चितको दिनमा पवित्र मन्दिरबाट ती सबै पापहरू हटाइन्थ्यो। परमेश्वरलाई चढाइएको बोकाको रगतद्वारा यो प्रक्रिया सम्पन्न गरिन्थ्यो।

३. अजाजेल *वा सैतानको नाउँमा छोडिने जीउँदो बोकाद्वारा पाप निराकरण गर्ने विधि* । पवित्र मन्दिर र शिविरबाट परमेश्वरका जनहरूका पापहरू पर हटाइएको परमेश्वर चाहनुभएको थियो। त्यसकारण केही विधि पूरा गरी जीउँदो बोका मरुभूमीमा त्यसै छोडिदिन्थ्यो।

**लेवी १६:१५ अनुसार मारिएको बोकाले के चित्रण गर्दछ? हेर्नुहोस्, "तब त्यसले मानिसहरूका निम्ति पापबलिको बोका मारोस्, र त्यसको रगत पर्दाभित्र ल्याएर साँढ़ेको रगतजस्तै कृपा-आसनमाथि र कृपा-आसनको सामुन्ने छर्कोस्।"**

परमेश्वरको निम्ति चढाइने बोकाको टाउकोमा हात राखेर पापलाई स्वीकार गर्ने विधि अपनाइएको थिएन। त्यसले गर्दा त्यसको रगतले पापलाई बोक्ने साधनको रूपमा प्रयोग गरिएको थिएन। त्यसकारण त्यसले पवित्र मन्दिरलाई दुषित पारेको थिएन। बरू त्यसले पापलाई चोखो पारिन्थ्यो। त्यसको नतिजा स्पष्ट रूपमा पद १६ र २०मा बताइएको छ। परमेश्वरको निम्ति चढाइएको बलिले मूल पुजारी आफैको पापलाई शुद्ध गरिन्थ्यो। त्यसले सारा पवित्र मन्दिर चोखो भएको सन्देश दिन्थ्यो। मानिसहरूलाई शुद्ध गर्ने प्रक्रिया पनि त्यही थियो। त्यसको अर्थ जब सबै मानिसहरूको पापको निम्ति पवित्र मन्दिर चोख्याउँथ्यो भने मानिसहरू आफै पनि चोखो भएको देखाइन्थ्यो। त्यसले गर्दा शुद्धिकरण वा प्रायश्चितको दिन अत्यन्त विशेष दिन हुन गएको थियो।

खास गरेर हो भने प्रायश्चित वा क्षमा पाउने विधिको दुई भागमा प्रायश्चितको दिन दोस्रो कदम थियो। वर्षभरि गरिने क्षमाको बलिले इस्राएलीहरू क्षमा भएको देखाइन्थ्यो। तर तिनीहरूका पापहरू हटाइएको हुन्दैनथ्यो तर परमेश्वर आफैलाई थुपारेको देखाइन्थ्यो। पापको कारोबार गर्ने परमेश्वर आफै हुनुहुन्छ भनेर त्यसले देखाएको थियो। तर दोस्रो भागको विधिले क्षमाको निम्ति विधि गरिएको हुँदैनथ्यो। मानिसहरूका पापहरू क्षमा भइसकेको हुनाले त्यो विधि क्षमापूजाको निम्ति भएको देखाइएको थिएन। क्षमा पाइसकेको मानिसको निम्ति क्षमा गर्ने अर्को विधिको आवश्यक थिएन। साँच्चिकै भन्ने हो भने "क्षमा दिने" भन्ने क्रियाकलाप लेवीको १६ वा लेवी

२३:२७औ३२मा प्रयोग गरिएको छैन। मुक्तिको सारा योजनाले हाम्रो पापको क्षमा गर्ने प्रक्रियालाई मात्र देखाउँदैन भनेर त्यसले बताउँदछ। ख्रीष्ट र सैतानको बीचमा भएको महान् मतभेदको युद्धलाई फराकिलो हिसाबले हेर्नुपर्छ भनेर देखाउने त्यस विधिको काम हो भनेर हामीले हेर्नुपर्दछ।

## २. क्षमाबाट पनि पार (लेवी १६:३२-३४)

**शुद्धिकरणको दिन वा प्रायश्चितको दिनमा मूल पुजारीले एक महत्त्वपूर्ण काम गर्नु पर्दथ्यो, त्यो के हो त? हेर्नुहोस्: लेवी १६:३२-३४ "अभिषेक भएको र बाबुचाहिँको सट्टामा प्रधान पूजाहारी हुनलाई जो नियुक्त भएको छ, त्यसैले प्रायश्चित गरोस्, र त्यसले पवित्र सूती लुगाहरू लगाओस्। ३३ त्यसले महा-पवित्रस्थान, भेट हुने पाल र वेदीको निम्ति प्रायश्चित गरोस्। अनि त्यसले पूजाहारीहरू र समुदायका सबै मानिसहरूका निम्ति पनि प्रायश्चित गरोस्। ३४ "यो तिनीहरूका निम्ति अनन्तको विधि होस्: वर्षको एक पल्ट इस्राएलीहरूका सारा पापका निम्ति प्रायश्चित गरिओस्।" अनि परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं त्यसरी नै गरियो।"**

परमेश्वर र मानिसको बीचमा शान्ति गराउने मूल पुजारीको महत्त्वपूर्ण काम थियो। मूल पुजारीले पवित्र मन्दिरको व्यवस्थापनको रेखदेख गर्दथ्यो, विभिन्न बलि र भेटीहरूलाई सम्माल्थ्यो (हिब्रू ८:३)। त्यसकारण प्रायश्चित वा शुद्धिकरणको दिनमा गरिने उसको काम अत्यन्त उल्लेखनीय थियो। उजाड स्थान वा जङ्गलमा सैतानको (अजाजेल) नाममा छोडेको बोकालाई लैजानु बाहेक प्रायजसो अरू विधिहरू मूल पुजारीले सम्पन्न गर्दथ्यो। तर त्यस बोकालाई लैजान पनि उसले निर्देशन दिएको थियो।

ख्रीष्टको जीवित उदाहरण भएर मूल पुजारीले देखाउनु काम प्रायश्चित वा शुद्धिकरणको दिनमा हुन्थ्यो। त्यस दिनमा गरिने सम्पूर्ण क्रियाकलापहरूमा परमेश्वरका जनहरूको ध्यान मूल पुजारीमा केन्द्रित हुन्थ्यो। त्यही प्रकारले येशू पनि हाम्रो जीवनको मूख्य केन्द्रविन्दु हो। हाम्रो ध्यान उहाँमा केन्द्रित गर्नु पर्दछ। मूल पुजारीले परमेश्वरका जनहरूको शुद्धिकरण गर्ने काम सम्पन्न गर्थ्यो। स्वर्गमा भएको पवित्र

मन्दिरमा गरिने त्यही कामलाई येशूले सुसम्पन्न गर्नुहुन्छ (रोमी ८:३४, १ यूहन्ना १:९)। शुद्धिकरणको दिनमा सारा मानिसहरूको आशा मूल पुजारी नै थियो। त्यही प्रकारले ख्रीष्टमा मात्र हाम्रो आशा छ।

"व्यवस्था वा दश आज्ञा नमान्दा श्रापित हुने तर दुःख मनाउ गर्ने पापीलाई त्यसबाट मुक्ति दिने काम ख्रीष्टको रगत थियो। तर पापलाई रद्दचाहिँ गरिन्नथ्यो। प्रायश्चित वा शुद्धिकरणको दिनमा अन्तिम शुद्धिकरण नगरुञ्जेल त्यो पाप मन्दिरमा लेखाको रूपमा रहिरहन्थ्यो। त्यही प्रकारले पश्चाताप गरिएको पापीले ल्याएको बलिको रगतले पापीको पाप त हटाइन्थ्यो तर शुद्धिकरण वा प्रायश्चितको दिन नहुञ्जेल त्यो पाप मन्दिरमै रहन्थ्यो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३५७बाट रूपान्तरित।

मूल पुजारी अति पवित्र कक्षमा गएर मानिसका पापहरूलाई सफा गर्दथ्यो भनेर लेवी १६:१६-२०मा उल्लेख गरिएको छ। अनि त्यहाँ भएका इस्राएलका सबै पापहरू जिउँदो बोकामा सार्दथ्यो, अनि त्यस बोकाले पाप बोकेर लान्थ्यो र जङ्गलमा उसलाई छोडिदिन्थ्यो। त्यसले इस्राएलका सबै पापहरू गइयो भनेर देखाउँथ्यो। त्यसले शुद्धिकरण वा प्रायश्चित दिनको विशेष लक्ष्य पूरा गर्दथ्यो। त्यो पापलाई सफा गरिने दिनको लक्ष्य केवल पापको क्षमा गर्ने मात्र थिएन। त्यस दिनमा कुनै पापको क्षमाको निम्ति नयाँ बलिको आवश्यकता थिएन। किनभने इस्राएका पापहरू परमेश्वरले क्षमा दिइसक्नुभएको थियो।

**परमेश्वरको शक्तिले हामीमा भएका पापहरू हटाउन हामी एकदम प्रयास गर्दछौं। तर हाम्रो मुक्तिको निम्ति ख्रीष्टमा पूरै भरपर्न हामी कसरी सिक्ने?**

## ३. अझझेल वा सैतानको प्रतिक विशेष बोका (लेवी १६:२०-२२)

**एउटा बोकालाई बलि दिइन्थ्यो भने अर्को बोका जिउँदै छोडिन्थ्यो। त्यस जिउँदो छोडिने बोकाको भविष्य कस्तो थियो? हेर्नुहोस् लेवी १६:२०-२२," "जब हारूनले महा-पवित्रस्थान, भेट हुने पाल र वेदीको निम्ति प्रायश्चित गरिसकेको छ, तब त्यसले जिउँदो बोकाचाहिँ ल्याओस्। अनि हारूनले आफ्ना दुवै हात जिउँदो बोकाको टाउकोमा**

**राखोस्, र इस्राएलीहरूका सारा अधर्म, अपराध र पाप स्वीकार गरेर बोकाको टाउकोमाथि राखिदिओस्। त्यसले ती पापहरू बोकाको टाउकोमा राखेर त्यसलाई अघिबाट खटाइराखेको मानिसको साथ उजाड़-स्थानमा पठाइदिओस्। यसरी त्यस बोकाले तिनीहरूका सारा अधर्म एकलाश ठाउँमा बोकेर लैजाओस्, र त्यस मानिसले त्यस बोकालाई उजाड़-स्थानमा छोड़िदिओस्।"**

याद गर्नुहोस्, जिउँदो छोडिने बोका परमेश्वरको निम्ति बलि वा भेटी थिएन। मन्दिरमा ल्याउने दुई बोकाहरूमा गोला हालेर परमेश्वरको निम्ति र सैतानको निम्ति बोका छुट्याइन्थ्यो। त्यस बोकालाई अजाजेल वा प्रायजसो बलिको बोको अर्थात् अरूको पाप बोक्ने बोको भनेर कहलाइन्छ। अङ्ग्रेजी भाषामा स्केपगोट (scapegoat) भनिन्छ। परमेश्वरको निम्ति परेको बोकालाईचाहिँ शुद्धिकरणको विधि पुऱ्याउन प्रयोग हुन्थ्यो (लेवी १६:९,१५)। तर अजाजेल (Azazel) बोकाचाहिँ जिवितै हुन्थ्यो। त्यसलाई कहिलै मारिन्नथ्यो। त्यो बोका मानिसको पापको सट्टामा परमेश्वरमा चढाइएको भनेर कहिलै पनि इस्राएलीहरूको सोचमा परेको थिएन। मूल पुजारीले सम्पूर्ण शुद्धिकरणको विधि सिध्याएपछिमात्र (पद २०) त्यो जिउँदो बोकाको भूमिका खेलाइन्थ्यो। जोडसाथ यो विषयलाई फेरि दोहोऱ्याइन्छः जुन विधि जिउँदो बोकाको निम्ति गरिन्छ त्यो विधि मन्दिर वा मानिसहरूको वास्तविक शुद्धिकरणसँग केही सरोकार छैन। कारण किनभने त्यो जिउँदो बोकाको विधि चलाउनुभन्दा पहिले मन्दिर वा मानिसहरू चोखो भइसकेको हुन्थ्यो।

तब जिउँदो बोका जुन अझझेलको निम्ति छुट्याइको हो, त्यो के हो त? यहूदी धर्मका चिन्तकहरूले अझझेल पापी स्वर्गदूत र पाप तथा दुष्टको सृजनाकार थियो। त्यो दूत सारा दुष्ट वा स्वर्गबाट खसालिएका स्वर्गदूतहरूको अगुवा थियो। हामीलाई यो थाहा छ कि अझझेल लुशिफरको प्रतिक हो।

जिउँदो बोकाको विधिले शुद्धिकरणको विधि समाप्त हुन्थ्यो र त्यसले पापलाई अन्तमा हटाएको देखाउँथ्यो। पापलाई सृजना गर्ने सैतानमाथि पापको जिम्मेवारी उसैमाथि थुपारिन्थ्यो र मानिसहरूबाट सदाको निम्ति टाढा भएको भएको मानिन्थ्यो। जिउँदो बोकालाई

प्रायश्चितको बोका भनिन्थ्यो (लेवी १६:१०)। मानिसहरूका प्रायश्चितहरू त्यस बोकालाई थुपारेर उजाड स्थानमा छोडिनुको अर्थ सारा पापहरूको पूरा जिम्मेवारी बोकाएर पवित्र मन्दिरबाट टाढा पठाउनु हो।

कतिले त भन्छ होला, ए सैतानले पनि हाम्रो मुक्तिको निम्ति भूमिका खेल्दो रहेछ। के खेल्दछ त? हामीहरूको बदलीमा सैतानले कहिलै पनि हाम्रा पापहरू बोक्दैन। हाम्रा पापहरू बोकेर हाम्रो बदलीमा मर्ने काम येशूले गर्नुभएको थियो। त्यसले गर्दा हाम्रो मुक्तिको निम्ति सैतानले कुनै भूमिका खेल्दैन।

झुठो गवाहीको खिलाफमा प्रयोग गरिने कानूनसँग (व्यवस्था १९:१६-२१) जिउँदो बोकाको विधि मिल्दछ। दोष दिने र दोषी ठहऱ्याइको व्यक्ति दुवै जना परमेश्वरको अगाडि खडा हुन्छन्। पुजारी वा न्यायकर्ता परमेश्वरको प्रतिनिधित्व गर्दछ। यदि दोषी भनेर आरोप लगाउने व्यक्ति झुठो ठहरिएमा दोषी आरोपित व्यक्तिले पाउने सजायँ त्यही झुठो आरोपितले पाउँदथ्यो किनभने दोषी आरोपित व्यक्ति निर्दोष थियो। (त्यसको ज्वलन्त उदाहरण एस्थरको पुस्तकमा वर्णन गरिएको हमानको बारेमा लिन सकिन्छ। त्यस दुष्ट हमानले निर्दोष मोर्डेकाइलाई झुन्ड्याउन सुली तयार पारेको थियो। जब बफादारी मोर्डेकाइ निर्दोष ठहरियो तब प्रधानमन्त्रीको पद पाएको हमान त्यही सुलीमा राजाको उर्दीमा झुन्ड्याइएको थियो।

**सदाशय र करूणामय परमेश्वरलाई हामीले धन्यवाद दिनुपर्दछ र उहाँप्रति हामी कृतज्ञ हुनुपर्दछ किनभने उहाँले हाम्रो पापलाई फेरि सम्झनुहुने छैन (यर्मिया ३१:३४)। हाम्रा पापहरू क्षमा भइसकेपछि त्यसलाई सम्झेर फेरि फेरि पुर्पुरोमा हात राखेर खिन्न नहुनुबाट हामी कसरी उम्कने? हाम्रा पापहरूको थान्को परमेश्वरले नै लगाउनुहुन्छ भन्ने आत्मज्ञान कतिको आवश्यक छ?**

## ४. शुद्धिकरणको खास दिन (लेवी १६:२९-३१)

“पवित्र मन्दिरमा गरिने प्रत्येक दिनको विधिले ख्रीष्टको मृत्युको महान् आत्मज्ञान सिकाउँथ्यो र स्वर्गमा उहाँको मूल पुजारीको भूमिकाको बारेमा विभिन्न सत्य ज्ञानहरू पनि तिनीहरूले सिक्थ्यो। ख्रीष्ट

र सैतानको बीचमा भइरहेको महान् वैचारिक द्वन्धको अन्त्य कसरी हुन्छ भन्ने आत्मज्ञानतिर मानिसहरूको दिमाग फर्काउन वर्षको एक फेरा शुद्धिकरणको पर्व हुन्थ्यो। अन्तमा यस सारा जगतबाटै पाप र पापीहरूको उन्मुलन कसरी हुनेछ भनेर चित्रण गर्ने त्यस पर्वको मूल उद्देश्य थियो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३५८बाट रूपान्तरित।

वर्तमानमा पनि यहूदीहरूको समाजमा प्रचलित योम किपुर तर येशूको मृत्यु पुर्व प्रचलित त्यही पर्व जसलाई शुद्धिकरण वा प्रायश्चितको दिनको पर्व भनिन्थ्यो, त्यसबेला इस्राएलीहरूले के गर्नुपर्थ्यो भनेर परमेश्वरले अपेक्षा गर्नुभएको थियो? त्यही पर्वलाई प्रतिविम्ब गराउन जिइरहेका हामी वर्तमान विश्वासीहरूले त्यस शुद्धिकरणको दिनमा गरिने विधिका नितिहरूलाई हामीले कसरी पछ्याउने? हेर्नुहोस्ः लेवी १६ः२९-३४ “तिमीहरूका निम्ति यो अनन्तको विधि होस्। सातौं महिनाको दशौं दिनमा तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। चाहे घरमा जन्मेको होस्, चाहे तिमीहरूका बीचमा वास गर्ने परदेशी होस्, कसैले पनि कुनै किसिमको काम नगर्नू, किनभने त्यसै दिन तिमीहरूलाई शुद्ध पार्नलाई तिमीहरूका निम्ति प्रायश्चित गरिन्छ। तब परमप्रभुको सामुन्ने सबै पापबाट तिमीहरू शुद्ध हुनेछौ। यो तिमीहरूका निम्ति विश्रामको शबाथ हो। तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। यो सदाको लागि एउटा आदेश हो। अभिषेक भएको र बाबुचाहिँको सट्टामा प्रधान पूजाहारी हुनलाई जो नियुक्त भएको छ, त्यसैले प्रायश्चित गरोस्, र त्यसले पवित्र सूती लुगाहरू लगाओस्। त्यसले महा-पवित्रस्थान, भेट हुने पाल र वेदीको निम्ति प्रायश्चित गरोस्। अनि त्यसले पूजाहारीहरू र समुदायका सबै मानिसहरूका निम्ति पनि प्रायश्चित गरोस्। यो तिनीहरूका निम्ति अनन्तको विधि होस्ः वर्षको एक पल्ट इस्राएलीहरूका सारा पापका निम्ति प्रायश्चित गरिओस्।” अनि परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं त्यसरी नै गरियो।", लेवी २३ः२७-३२, “परमप्रभुले मोशालाई भन्नुभयो, “सातौं महिनाको दशौं दिनचाहिँ प्रायश्चितको दिन होस्। त्यस दिन तिमीहरूले पवित्र सभा राख्नू। तिमीहरूले आफैलाई इन्कार गर्नू, र तिमीहरूले परमप्रभुको निम्ति अग्नि-होम चढ़ाउनू। त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नू, किनभने परमप्रभुको सामुन्ने

**तिमीहरूका निम्ति प्रायश्चित गरिने यो प्रायश्चितको दिन हो। त्यस दिन जसले आफूलाई इन्कार गर्दैन, त्यो आफ्ना मानिसहरूबाट बहिष्कार गरिओस्। त्यस दिन कुनै किसिमको काम गर्ने मान्छेलाई त्यसका मानिसहरूमध्येबाट म नाश गर्नेछु। तिमीहरूले कुनै किसिमको काम नगर्नू। तिमीहरूले जहीँ बसोबास गरे तापनि तिमीहरूका पुस्तौं-पुस्तौंका निम्ति यो अनन्तको विधि होस्। तिमीहरूका निम्ति यो विशेष विश्रामको शबाथ होस्, र तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। त्यस महिनाको नवौं दिनको साँझदेखि भोलिपल्ट साँझसम्म तिमीहरूले आफ्नो शबाथ पालन गर्नू।"**

यदि बाइबलको समयमा इस्राएलमा रहेको कोही मानिसले उपरोक्त विधिका नियमहरूलाई पालना गरेन भने त्यस व्यक्तिलाई समाजबाट बहिश्कार गरिन्थ्यो र उसको नाश गरिन्थ्यो (लेवी २३:२९,३०)। त्यसैकारण प्रायश्चित वा शुद्धिकरणको दिन यथार्थमा जीवन र मृत्युको दिन थियो। विश्वासीहरूको परमेश्वरप्रति पूर्ण समर्पणता वा बफादारिताको आवश्यकताको माग गरिएको थियो।

यदि कुनै व्यक्तिले वर्षभरि गरिने दैनिक विधिमा आफ्ना पापहरूलाई स्वीकार गरे र प्रायश्चित गरे तर प्रायश्चित वा शुद्धिकरणको दिनमा त्यस मानिसले त्यस दिनलाई गम्भिर रूपमा लिएन भने के हुन्थ्यो? उसले त्यस दिनमा हुने विधिले देखाउने परमेश्वरको योजनालाई वेवास्ता गरेको र विद्रोह गरेको देखाएको हुन्थ्यो। त्यस व्यक्तिले हृदयदेखि परमेश्वरप्रति बफादार नभएको वा विश्वास नगरेको प्रमाणित गरेको देख्थ्यो।

त्यस प्रक्रिया अत्यन्त अर्थपूर्ण छ। प्रभु येशूलाई विश्वास गरेर मुक्ति पाएको छु भनेर दावी गरिरहनेले पनि मुक्ति गुमाउन सक्छ भनेर त्यस शुद्धिकरणको दिनमा गरिने विधिले बताउँदछ। एक फेरा विश्वास गरेपछि (अनि बप्तिस्मा लिइसकेपछि) अनि सदासर्वदा हामी मुक्तिको निम्ति लालमोहर लगाइसकेको हुन्छ भन्ने कतिपय इसाईहरूको माझमा चलेको लोकप्रिय धारणालाई बाइबलले सिकाउँदैन भनेर सेभेन्थ-डे एडभेन्टिस्ट मतका विश्वासीहरूले दावी गर्दछन्। जबसम्म विश्वासमा हामी रहिरन्छौं र त्यस अनुसार अघि बढिरहन्छौ तब हामी ख्रीष्टमा सुरक्षित भएर बस्छौं भनेर हामी विश्वास गर्दछौं। जब हामी पापको

आकर्षित मोहमा फस्छौं र पर्छौं तब उहाँको क्षमाको दावी गर्न उहाँलाई हाम्रो जीवन सुम्पिरहनुपर्दछ र विजयी जीवनको निम्ति उहाँको शक्तिको दावी गरिरहनुपर्दछ।

प्रभु येशूले एउटा अत्यन्त प्रभावकारी अर्तीकथा भन्नु भएको छ। त्यस कथाबाट हामी के सत्य आत्मज्ञान सिक्नुपर्छ, हेर्नुहोस्, "यसैकारण स्वर्गको राज्य एउटा राजासँग तुलना गर्न सकिन्छ, जसले आफ्ना नोकरहरूसँग हिसाब लिने इच्छा गरे। जब तिनले हिसाब लिन लागे, दश हजार सुनका सिक्का ऋण लिने एक जना तिनीकहाँ ल्याइयो। तर त्यस मानिसले तिर्न नसक्दा त्यसका मालिकले त्यसलाई र त्यसका पत्नी र छोरा-छोरी र त्यसका सबै थोक बेची ऋण चुकाउने हुकुम दिए। तब त्यस नोकरले घुँड़ा टेकी तिनका पाउमा परेर भन्न लाग्यो, 'मालिक, ममाथि धैर्य गर्नुहोस्, म तपाईंको सबै ऋण चुकाउनेछु।' तब त्यस नोकरका मालिकले टिठ्याएर त्यसलाई छोडिदिए, र त्यसको ऋण माफी गरिदिए। तर त्यस नोकरले निस्केर जाँदा आफ्नो सङ्गी-नोकरहरूमध्ये एक जनालाई भेट्यो, जो त्यसको एक सय चाँदीका सिक्काको ऋणी थियो। उसलाई घोक्रोमा पक्रेर त्यसले भन्यो, 'तेरो ऋण तिरिहाल्।' तर त्यसको सङ्गी-नोकरले घोप्टो परेर त्यसलाई बिन्ती गऱ्यो, 'ममाथि धैर्य गर, म तिमीलाई सबै तिरिदिनेछु।' तर त्यो मानेन, र गएर ऋण नतिरुञ्जेलसम्म उसलाई झ्यालखानमा हालिदियो।त्यसका सङ्गी-नोकरहरूले यी सब देखे र तिनीहरू अति दुःखित भए। तिनीहरूले गएर यी सब घटना आफ्ना मालिकलाई बताइदिए। तब मालिकले त्यस नोकरलाई आफूकहाँ बोलाएर भने, 'ए दुष्ट नोकर, तैंले मसँग बिन्ती गरिस्, र मैले तँलाई तेरो ऋण माफी गरिदिएँ। मैले तँमाथि दया गरेझैं तैंले पनि तेरो सङ्गी-नोकरमाथि दया गर्नुपर्नेथिएन?' तब त्यसका मालिकले क्रुद्ध भएर त्यसलाई सबै ऋण नतिरुञ्जेल दण्ड दिनेहरूका हातमा सुम्पिदिए। तिमीहरूले आफ्नो भाइलाई आफ्नो हृदयदेखि क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने मेरा पिताले पनि तिमीहरूसँग त्यसै गर्नुहुनेछ।" मत्ती १८:२३-३५।

## ५. यशैयाको व्यक्तिगत योम किपुर (शुद्धिकरणको दिन) (यशैया ६:१-६)

सारा जगतका राजा स्वर्गको मन्दिरमा भएको राजगद्दीमा बसिरहनुभएको दर्शन यशैयाले देखेका थिए भनेर यशैया ६:१-६मा बताउँछन्। फेरि त्यो दर्शनचाहिँ न्यायको दृष्य थियो। परमेश्वर न्याय आसनमा आइरहनुभएको थियो (यशैया ५:१६)। यशैयाले देखेका उक्त राजा ख्रीष्ट हुनुहुन्थ्यो भनेर यूहन्नाले टिप्पणी गर्दछन् (यूहन्ना १२:४१)।

यशैया परमेश्वरको अगमवक्ता वा प्रवक्ता थिए। मानिसहरूलाई पापबाट पश्चाताप गरेर परमेश्वरतिर फर्क भनेर उनले आह्वान गरेका थिए। तर परमेश्वरको सामु आफ्नो भविष्य खतम भएको पनि उनले बुझेका थिए। महामहिम परमेश्वरको पवित्र र महिमाको सामु पर्दा यशैयाले आफ्नो पाप स्वभावको भन्दाफोर भएको देखे र साथै उनका जनहरू कतिको फोहरीरहेछ भनेर पनि महशूस गरे। पवित्रता र पाप मिसिन्दैन। हामीहरूको कुनै अथक प्रयासबाट परमेश्वरको सामु धर्मी भएर खडा हुनसक्दैनौं र उहाँको न्यायबाट पन्छिन सक्दैनौं भनेर यशैयाले जस्तै हामी सबैले निर्णायक निश्कर्षमा पुग्नुपर्छ। हाम्रो आशा केवल एक जनामा मात्र छ, त्यो हो हाम्रो बदलीमा उभिदिने येशू ख्रीष्ट।

शुद्धिकरणको दिनमा जे हुन्थ्यो त्यही यशैया ६:१-७मा भएको देखा परेको छ। पढ्नुहोस्, **"उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो। २ उहाँको मास्तिर सराफहरू खड़ा थिए– प्रत्येकका छ-छ वटा पखेटा थिए। दुई वटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुई वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुई वटाले तिनीहरू उड्दैथिए। ३ अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिएः "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।" तिनीहरूका सोरले ढोकाहरू र जगहरू हल्लिए, र मन्दिर धूवाँले भरियो। मैले भनें, "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु।"तब**

**चिम्टाले वेदीबाट आगोको भुङ्ग्रो हातमा लिएर सराफहरूमध्ये एक जना मकहाँ उड़ेर आए। तिनले मेरो मुख त्यस भुङ्ग्रोले छोएर भने, "हेर, यसले तिम्रो ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो।"**

धुवाँ, वेदी, न्याय र पाप र अशुद्धको निम्ति गरिने शुद्धिकरण सम्मिलित दर्शन जुन यशैयाले देखे त्यसले प्रायश्चित वा शुद्धिकरणको दिनलाई कडाईका साथ सम्झना गराउँछ। व्यक्तिगत रूपमा आफ्नै शुद्धिकरणको दिनको अनुभव यशैयाले अनुभव गरेका थिए।

पुजारीले जस्तो काम गरेका सराफ वा प्रज्वलित स्वर्गदूतले वेदीबाट जलिरहेको कोइला लिएर अगमवक्ताको पाप धुन आएका थिए। मानिसहरूको निम्ति मूल पुजारी भएर काम गरिरहने क्रममा आफू नै बलि भएर मानिसहरूको पाप धुने येशूको ज्वलन्त उदाहरण यसमा देखिन्छ। स्वर्गदूतले गरेको कामलाई शुद्धिकरण गर्ने विधि भनेर यशैयाले ठम्याएका थिए। जब आगोको भुङ्ग्रो उनको ओठमा छुएको थियो त्यसबेला उनी चुपचाप बसेका थिए। उनको पाप हटाइएको र उनको पाप क्षमा भएको महशूस यशैयाले गर्न पाएका थिए (यशैया ६:७)। क्षमा दिने व्यक्ति गद्दीमा बसिरहनुभएको थियो भनेर पद ७ले आभास दिन्छ। न्यायमूर्ती आफै पनि उद्धारकर्ता हुनुहुन्छ।

"म धिक्कार हुँ" (पद ५)बाट "म यहाँ छु, मलाई पठाउनुहोस्।" (पद ८) भन्ने स्थितिको सृजना परमेश्वरले शुद्ध गर्नुभएको प्रक्रियाले गरेको थियो। शुद्धिकरण वा प्रायश्चितको दिनमा गरिने विधिले स्वर्गमा भएको पवित्र मन्दिरमा हुने कामलाई देखाउँछ, यो आत्मज्ञान बुझिंदा अरूलाई पनि भन्न जागिन्छौं किनभने ख्रीष्टकै कार्यले हामी मुक्ति पाउँछौं भनेर बुझ्दछौं। न्यायको दिनमा हामीहरूको बदलामा येशू उभिनु हुन्छ भन्ने ज्ञान हाममा छ। उहाँको शिद्ध, निष्खोट चरित्रले हामी दोषी ठहरिएर न्यायको गद्दीको अगाडि डराएर उभिनु पर्दैन (रोमी ८:१)। जब मानिसहरू त्यस आत्मज्ञानलाई आत्मसात् गरेर परमेश्वरप्रति कृतज्ञ हुन्छ तब उहाँको काम गर्न हौसला दिन्छ। र परमेश्वरका उत्कृष्ट दूत वा समाचारवाहकहरू तिनी हुन् जसको पाप क्षमा भएको छ (२ कोरन्थी ५:१८-२०)। परमेश्वरले

तिनीहरूलाई पापबाट उद्धार गर्नुभएको छ भन्ने ज्ञानले नै तिनीहरूमा आत्मिक जोश आउँदछ।

## उपसंहारः

**थप जानकारीः** "यस संसारमा भएको पवित्र मन्दिरमा गरिने विधि अनुसार महापवित्र स्थानमा गरिने काम सम्पन्न भयो र इस्राएलीहरूका पापहरू पापको बलिको रगतद्वारा मन्दिरबाट हटियो। अनि परमेश्वरको सामु जिउँदो बोका ल्याइयो। अनि यहूदी मानिसहरूको समूहको सामु मूल पुजारीले मानिसले गरेका सारा पापहरु जिउँदो बोकाको टाउकोमा थुपारीदिन्छ (लेवी १६:२१)। त्यही अनुसार स्वर्गमा भएको पवित्र मन्दिरमा गरिने शुद्धिकरणको विधि समाप्त भएको थियो। अनि परमपिता परमेश्वर, सारा स्वर्गदूत वा जीवहरू र मुक्ति पाएका जमातहरूको सामु परमेश्वरका जनहरूका पापहरू सैतानमाथि थुपारिनेछ। अनि युगौं युगसम्म मानिसहरूलाई छकाएर दुष्कर्म र पापमा धकेल्ने सैतानलाई सबैको सामु दोषी ठहराउनेछ।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ६५७, ६५८बाट रूपान्तरित।

## चिन्तनमननः

**अ.** येशू ख्रीष्ट मूल पुजारीको हैसियतले काम गर्नुभएको देखाइएन भने मुक्तिको योजनाको बारेमा ज्ञान अपुरक नै किन हुन्छ? मुक्तिको योजनामा मूल पुजारीको भूमिका उल्लेखनीय हुन्छ। प्राचिन इस्राएलमा भएको पवित्र मन्दिरमा मूल पुजारीले सम्पन्न गर्ने कामले हामीलाई के सिकाउँदछ? हिब्रूको पुस्तकको उल्लेखनीय भागमा ख्रीष्टले स्वर्गको मन्दिरमा गर्नुहुने कामको बारेमा वयान गरेको छ। त्यस परिप्रेक्ष्यमा मूल पुजारीको काम किन अति महत्त्व देखिन्छ?

आ. येशूको मृत्युदेखि स्वर्गको पवित्र मन्दिरमा उहाँले गर्नुभएको कामको बारेमा कसैले लेखेको थियो। ख्रीष्टको काम पापको समस्यालाई सुल्झाउने परमेश्वरको पाइला पाइलाको तरिका हो भनेर उसले लेखेको थियो। उहाँको न्याय, उचित र प्रेमको बारेमा

हामीलाई सम्झाउने काम उहाँको काम हो रे। ख्रीष्ट र सैतानको बीचमा भइरहेको मतभेदको संग्रामलाई मध्यनजरमा राखेर उपरोक्त तर्कलाई गहिरिएर सोच्नुहोस्। पापको मूर्खताले ल्याएको दुर्घटनाले अनगिन्तियौं समस्याहरूको बारेमा त्यसले के सिकाउँछ?

इ. शुद्धिकरणको दिनले पापीहरूमा मुक्तिको आशा खतम गराएको थियो भनेर विगत केही समयमा सेभेन्थ-डे एडभेन्टिस्ट मतका विश्वासीहरूले सिकाएका थिए। यस्तो दृष्टिकोण शुद्धिकरणको दिनको लक्ष्यको बारेमा गलत धारणाले उब्जाएको थियो। पश्चाताप वा शुद्धिकरण भन्ने शव्दलाई सोच्नुहोस्। त्यसको अर्थ के हो? कोही मानिस शुद्ध कसरी हुन्छ? शुद्ध गर्ने काम कसको हो? त्यो कसरी गरिन्छ? प्रायश्चित वा शुद्धिकरणको दिन भन्ने सन्देश त सुभ समाचार पो रहेछ भनेर उपरोक्त जिज्ञासाका जवाफहरूले हामीलाई कसरी दिइन्छ?